Vision Securities Pvt. Ltd.

अनुसूची – १२

धि.के.नि.से.वि. २०६८ को विनियम २० तथा धि.व्य.नि. २०६४ नियम २९ को उपनियम (१) सँग सम्बन्धित

फा.नं.: १
Form No.: 1

हालसालै खिचिएको फोटो
Recent Photo

# प्राकृतिक व्यक्तिको परिचय विवरण

## Details of Natural Person

☐ (KYC) ☐ (DEMAT)

| कार्यालय प्रयोजनका लागि मात्र (For Official Use Only) | | | | | |
|---|---|---|---|---|---|
| आवेदन नम्बर : Application No.: | | संकेत नम्बर : Symbol No.: | | मिति : Date : | |
| ग्राहक नम्बर : Client Code: | | | | | |

| हितग्राहीको खाता नम्बर : Beneficial Owner Account No.: | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|

| हितग्राही खाता खोलिएको संस्थाको नाम | |
|---|---|

तल उल्लेखित सम्पूर्ण विवरण राम्रोसँग भर्नु पर्नेछ । आफूसंग सरोकार नभएको विवरण उल्लेख गर्ने कोठामा तेर्सो धर्का तानिदिनु होला ।
Please complete all details and strike out the non-applicable fields/boxes.

**भिजन सेक्यूरिटिज (प्रा.) लि.**
**Vision Securities (P.) Ltd.**
(शाखा/Branch) : .................................

**खाताको किसिम : Types of Account :** ☐ व्यक्तिगत Individual ☐ गैर आवासीय नेपाली Non Resident Nepalese ☐ विदेशी Foreigner

### ग्राहकको विवरण

| ग्राहकको नाम | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **Cleint's Name** | | | | | | | | | | | | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| जन्म मिति Date of Birth | बि.सं. B.S. | | ई. सं. A.D. | | | |
| लिङ्ग Gender | ☐ पुरुष Male ☐ महिला Female ☐ अन्य Other | | ☐ राष्ट्रियता Nationality ☐ नेपाली Nepali ☐ अन्य Other | | | |
| नागरिकता नम्बर / जन्मदर्ता नम्बर Citizenship No. / Birth Certificate No. | | | जारी जिल्ला Issue District | | जारी मिति Issue Date | |
| राहदानी नम्बर Passport No. | | जारी स्थान Place of Issue | जारी मिति Issue Date | | म्याद सकिने मिति Expiry Date | |
| परिचयपत्रको किसिम Types of Identity Card | | परिचयपत्र नं. Identification No. | जारी गर्ने निकाय Issuance Authority | | जारी मिति Issue Date | |
| स्थायी लेखा नं. Permanent Account No. (PAN) | | | ☐ विवाहित Married | | ☐ अविवाहित Un Married | |

| पत्राचार गर्ने ठेगाना (Correspondence Address) | | | | |
|---|---|---|---|---|
| राष्ट्र : Country : | | | प्रदेश : Provience : | |
| जिल्ला : District : | | | गा.पा./न.पा./उ.म.न.पा./म.न.पा. Rural Municipality/Municipality/ Sub Metropolitan city/Metropolitan city | |
| वडा नं.: Ward No.: | | टोल : Toel : | | ब्लक नं.: Block No.: |
| टेलिफोन नं.: Telephone No.: | | | मोबाइल नं.: Mobile No.: | |
| फ्याक्स नं.: Fax No.: | | | ईमेल : E-mail : | |

| स्थायी ठेगाना (Permanent Address) | | | | | |
|---|---|---|---|---|---|
| प्रदेश : Provience : | | जिल्ला : District : | | गा.पा./न.पा./उ.म.न.पा./म.न.पा. Rural Municipality/Municipality/ Sub Metropolitan city/Metropolitan city | |
| वडा नं.: Ward No.: | | टोल : Toel : | | ब्लक नं.: Block No.: | |
| टेलिफोन नं.: Telephone No.: | | मोबाइल नं.: Mobile No.: | | | |
| फ्याक्स नं.: Fax No.: | | ईमेल : E-mail : | | | |
| नजिकको ल्यान्डमार्क: Nearest Landmark: | | | | | |

## एकाघर परिवारका सदस्यहरुको विवरण (Details of Family Members)

| | |
|---|---|
| हजुर बुबाको नाम | |
| Grand Father's Name | |
| बुबाको नाम | |
| Father's Name | |
| आमाको नाम | |
| Mother's Name | |
| पति/पत्नीको नाम | |
| Spouse's Name | |
| (१) छोराको नाम | |
| (1) Son's Name | |
| (२) छोराको नाम | |
| (2) Son's Name | |
| (१) अविवाहित छोरीको नाम | |
| (1) Unmarried Daughter's Name | |
| (२) अविवाहित छोरीको नाम | |
| (2) Unmarried Daughter's Name | |
| बुहारीको नाम | |
| Daughter's in Law's Name | |
| ससुराको नाम | |
| Father's in Law's Name | |
| सासुको नाम | |
| Mother's in Law's Name | |

## बैंक खाताको विवरण (Bank Account Details)

| | | | |
|---|---|---|---|
| बैंक खाताको किसिम :<br>**Types of Bank Account :** | ☐ बचत खाता<br>Saving Account ☐ चल्ती खाता<br>Current Account | | |
| बैंक खाता नम्बर :<br>Bank Account Number : | | | |
| तपाईको बैंक खाता भएको बैंकको नाम :<br>Name of Bank : | | बैंक शाखाको नाम :<br>Name of Branch : | |

## पेशागत विवरण (Details of Occupation)

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| पेशा :<br>Occupation : | ☐ सेवा:<br>Service: ☐ सरकारी<br>Govt. ☐ सार्वजनिक/निजी क्षेत्र<br>Public/Private Sector ☐ एन.जी.ओ./आई.एन.जी.ओ.<br>NGO/INGO ☐ कानूनी विज्ञ<br>Legal Export<br>☐ विशेषज्ञ<br>Expert ☐ व्यापारी<br>Businessperson ☐ कृषि<br>Agriculture ☐ सेवा निवृत्त<br>Retired ☐ गृहिणी<br>House Wife ☐ विद्यार्थी<br>Student ☐ अन्य<br>Others | | | | | | |
| व्यापारको प्रकार :Types of Business : ☐ उत्पादन / Manufacturing ☐ सेवामुखी / Service Oriented ☐ अन्य / Others | | | | | | | |
| संस्थाको नाम :<br>Organization's Name : | | ठेगाना<br>Address | | पद<br>Designation | | परिचय नं.<br>ID No. | |
| आर्थिक विवरण :<br>Financial Details : | आयको सीमा (वार्षिक विवरण / Income Limit (Annual Details)<br>☐ रु. १,००,००० सम्म<br>Upto Rs. 1,00,000 ☐ रु. १,००,००१ देखि रु. ५,००,००० सम्म<br>From Rs. 1,00,001 to Rs. 5,00,000<br>☐ रु. ५,००,००१ देखि रु. १०,००,००० सम्म<br>Upto Rs. 5,00,001 to Rs. 10,00,000 ☐ रु. १०,००,००० भन्दा माथि<br>Above Rs. 10,00,000 | | | | | | |

| | | | | |
|---|---|---|---|---|
| निक्षेप सदस्यले हिगग्राहीको खातामा भएको घटबढ स्वचालित रुपमा गराउने/नगराउने ।<br>Standing Instruction for the automatic transactions | ☐ गराउने<br>Yes | ☐ नगराउने<br>No | | |
| खाताको विवरण प्राप्त गर्ने<br>Account Statement | ☐ दैनिक<br>Daily | ☐ साप्ताहिक<br>Weekly | ☐ पाक्षिक<br>15 days | ☐ मासिक<br>Monthly |

## गैर आवासिय नेपालीका लागि (For Non Resident Nepalese)

| | | | |
|---|---|---|---|
| वैदेशिक ठेगाना :<br>Foreign Address : | | | |
| सहर :<br>City : | | प्रदेश :<br>Provience : | |
| देश :<br>Contry : | | गैरआवासिय कोड नं.:<br>NRN Code No.: | |

धितोपत्र खरिद बिक्री गर्ने मुख्य उद्देश्यले स्थापित इन्भेष्टमेन्ट कम्पनीमा संलग्न
Involvement in Investment companies which were established for securities trading ☐ छु Yes ☐ छैन । No
(भएमा देहाय बमोजिमको विवरण उल्लेख गर्नु पर्ने । (If yes mention below)

कम्पनीको नाम/Name of the Company :

पद : Designation : ☐ सञ्चालक Director ☐ पदाधिकारी Executive ☐ शेयरधनी Shareholder ☐ कर्मचारी Employee ☐ अन्य Others

**संरक्षकको विवरण (नाबालकको हकमा मात्र) (Guardian's Details (In case of Minor only))**

| | | | | | |
|---|---|---|---|---|---|
| नाम/थर : Name/Surname : | | | | निवेदकसंगको सम्बन्ध : Relationship with applicant : | |
| नागरिकता नम्बर : Citizenship No.: | | आम्दानी श्रोत : Income Sorce : | | पेशा : Occutation : | |
| राष्ट्र : Country : | | प्रदेश : Provience : | | | |
| जिल्ला : District : | | टोल : Toel : | | | |
| टेलिफोन नं.: Telephone No.: | | फ्याक्स नं.: Fax No.: | | मोबाइल नं.: Mobile No.: | |
| स्थायी लेखा नं.: Permanent Account No. (PAN) | | ईमेल : E-mail : | | | |

(नाबालकको हकमा संरक्षक तथा नाबालक दुबैको फोटो संलग्न गर्नु पर्नेछ) (In case of minor, guardian and minor's photos are required to submit.)

औंठा छाप/Thumb Print

| दायाँ | बायाँ |
|---|---|
| | |

फोटो

संरक्षकको नाम :

Guardian's Name :

हस्ताक्षर :

Signature :

**इच्छाएको व्यक्ति सम्बन्धी विवरण (Nominee's Details)**

मेरो मृत्यु भएको अवस्थामा देहायको व्यक्तिले मेरो नाममा भएको सम्पूर्ण धितोपत्रको हकदावी गर्न पाउने छ ।
In the event of my death or incapacity, the following named nominee shell be entiled to the balance of my dmat account.

| | | | | | |
|---|---|---|---|---|---|
| हकदावी गर्नेको नाम : Name of Nominee : | | | | नागरिकता/राहदानी नम्बर : Citizenship/Passport No.: | |
| नागरिकता/राहदानी नम्बर : Citizenship/Passport No.: | | जारी स्थान : Place of issue : | | जारी मिति: Issue Date: | |

**पत्राचार गर्ने ठेगाना (Correspondence Address)**

| | | | | | |
|---|---|---|---|---|---|
| राष्ट्र : Country : | | प्रदेश : Provience : | | | |
| जिल्ला : District : | | टोल : Toel : | | | |
| टेलिफोन नं.: Telephone No.: | | फ्याक्स नं.: Fax No.: | | मोबाइल नं.: Mobile No.: | |
| स्थायी लेखा नं.: PAN No.: | | ईमेल : E-mail : | | | |

औंठा छाप / Thumb Print

| दायाँ Right | बायाँ Left |
|---|---|
| | |

हकदाबी गर्ने व्यक्तिको नाम :

Name of Nominee :

हस्ताक्षर :

Signature :

| घर रहेको स्थानको नक्शा **Location Map** | Site Map of the Account Holder's Residence |
|---|---|

..From main Road Street................. the distance of the Residence is.......... meters (approximately).

## सम्पत्ति शुद्धिकरण तथा आतङ्ककारी कृयाकलापमा वित्तिय निवारण सम्बन्धी थप विवरण:

१. के तपाई राजनैतिक वा उच्च पदस्थ व्यक्ति हुनुहुन्छ ? हो ☐ होईन ☐

२. के तपाई राजनैतिक वा उच्च पदस्थ व्यक्ति संग सम्बन्धि हुनुहुन्छ ? छु ☐ छैन ☐

सम्बन्धित राजनैतिक/उच्च पदस्थ व्यक्तिको नाम ........................................................ तपाईसंगको सम्बन्ध ....................

३. के तपाईको हिताधिकारी व्यक्ति छ ? छैन ☐ छ ☐

हिताधिकारी व्यक्तिको नाम ........................................................................ तपाईसंगको सम्बन्ध ....................

४. के तपाई विगतमा कुनै सम्बद्ध कसुरमा दोषी प्रमाणित हुनु भएको छ ? छैन ☐ छ ☐

सम्पत्ति शुद्धिकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा २ को खण्ड (श) बमोजिमका कसुरहरु

छ भने कृपया उल्लेख गर्नुहोस ..................................................................................................................

## धितोपत्र कारोवारको सम्बन्धमा तपशिल बमोजिमको स्वघोषणा गर्दछु ।

१. म/हामीले धितोपत्र खरिदका लागि प्रयोग गर्ने रकम सम्पत्ती शुद्धिकरण सम्बन्धी प्रचलित कानुन विपरित आर्जन गरेको हुने छैन ।

२. धितोपत्रमा गरिएको लगानीमा निहित जोखिमको सम्बन्धमा जानकार छु ।

३. म/हामीले खरिद गरेका धितोपत्रहरु वापतको भुक्तानी लिने दिने कार्य तोकिएको समय भित्र गर्ने छु ।

४. म/हामीले धितोपत्र सम्बन्धी तथा अन्य प्रचलित नियम कानूनहरुको पालना गर्नेछु ।

५. म/हामी कर्जा सूचना केन्द्रको कालो सुचीमा रहेको छु/छैन ।

६. सम्पत्ति शुद्धिकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ र यस अन्तरगत जारी भएका नियमावलि तथा निर्देशन आदीबाट माग भए अनुसारका सुचना, विवरण तथा कागजातहरु कम्पनीलाई उपलब्ध गराउने छु/छौं ।

७. कम्पनीलाई गर्नु पर्ने भुक्तानी नगरि बांकी राखेको कारणबाट मेरो/हाम्रो कारोवार अन्य धितोपत्र दलाल कम्पनीहरुमा समेत निलम्बन गर्न पत्राचार वा परिपत्र गर्न मेरो/हाम्रो मञ्जुरी छ ।

## संलग्न गर्नु पर्ने कागजात

१. नेपाली नागरिकहरुको हकमा नागरिकताका प्रमाणपत्रको प्रतिलिपी ।

२. अन्य देशको नागरिकको हकमा पासपोर्टको प्रतिलिपी ।

३. नाबालकको हकमा संरक्षक तथा नाबालक दुवैको फोटो ।

४. आमा वा बाबु संरक्षक भएमा छोरा वा छोरीको जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपी ।

५. कानूनी संरक्षक भए सो सम्बन्धी कागजात ।

६. कुनै संस्थाको कर्मचारी रहेको हकमा कर्मचारी परिचयपत्रको प्रतिलिपी ।

७. बैंक खाता/डिम्याट खाता प्रमाणित हुने कागजात ।

८. निवेदकको हस्ताक्षर तथा औंठा छापमा संरक्षकको हस्ताक्षर तथा औंठा छाप ।

म/हामी कारोवार सदस्य/निक्षेप सदस्य र ग्राहकको करारमा प्रचलित ऐन, नियम, विनियम र सोमा भएको संशोधन मान्न मञ्जुर गर्दछु/गर्दछौं । माथि उल्लेखित विवरण सत्य तथ्य रहेको र सो विवरणमा कुनै फरक परे कानून बमोजिम सहुँला, बुझाउँला । अन्यथा भएमा ग्राहक खाता रद्द गर्न मञ्जुर गर्दछु/गर्दछौं ।

I/We shall accept to the terms and conditions relating to the agreement between Share Trading Account, Depository Participants and Beneficial Owner, prevailent act, regulations, bylaws and any amendments on it. I/We hereby acnowledge that the above disclosed details are true. I further hereby consent to borns any legal actions in case any false disclosure ot information related to me/us and the brokerage firm reserves right to close my account. All disputes are subject to the jurisidictions of courts in Kathmandu, Nepal.

| औंठा छाप Thumb Print | |
|---|---|
| दायाँ Right | बायाँ Left |
| | |

.................................

ग्राहकको हस्ताक्षर

Client's Signature

## कार्यालय प्रयोजनको लागि (For Official Use)

**रुजु गर्ने:**

नाम, थर :

पद :

हस्ताक्षर :

मिति :

कार्यालयको नाम तथा छाप

**प्रमाणित गर्ने :**

नाम, थर :

पद :

हस्ताक्षर :

मिति :

.......................................

प्रविष्टी गर्नेको हस्ताक्षर

**सिफारिस कर्ताको नाम:** ....................................................................................................

**फोन नं.:** ..................................................................................................................

# धितोपत्र कारोबार सञ्चालन विनियमावली २०७५ को विनियम १० संग सम्बन्धित
# कारोवार सदस्यर ग्राहकबिचको सम्फौतापत्र

कम्पनी रजिस्ट्रारको कार्यलयमा दर्ता भई नेपाल धितोपत्र बोर्डबाट धितोपत्र दलाल ब्यवसायीको इजाजतप्राप्त गरी नेपाल स्टक एक्सचेन्ज लिमिटेडको कारोबार सदस्य रहेको मार्फा हाउस, अनामनगर, काठमाडौंमा रजिस्टर्ड कार्यालय भएको श्री **भिजन सेक्यूरिटिज प्रा. लि.** (उप्रान्त प्रथम पक्ष भनिनेछ)

**तथा**

प्रथमपक्ष मार्फत धितोपत्रको कारोबार गर्न/अनलाईन सुबिधा प्रयोग गर्ने ग्राहक संकेत नम्बर.......................................हितग्राही खाता नं.................................................. रहेको प्रदेश ____________ अञ्चल.................जिल्ला____________गा.पा./न.पा./उ.प.न.पा____________________वडा________स्थायी ठेगाना भई हाल ............................................ स्थानमा बसोबास गर्ने श्री ..........................................................................को नाती/नातीनी बुहारी, श्री ..........................................................................को छोरा/छोरी वर्ष ......... को श्री/श्रीमती........................................................................... **वा** ग्राहक संकेत नम्बर ......................................कम्पनी रजिष्टर्डको कार्यालयमा दर्ता भई प्रदेश ____________अञ्चल.................. जिल्ला............................................ गा.पा./न.पा./उ.प.न.पा. ........................................ वडा....... मा रजिष्टर्ड कार्यालय रहेको मेसर्स ..............................................................................ले (उप्रान्त दोस्रो पक्ष भनिने र सो शब्दले विषय वा प्रसंगले अन्यथा अर्थ लगाएकोमा बाहेक निजका उत्तराधिकारी र/वा कानुनी प्रतिनिधि समेतलाई जनाउने), बीच नेप्सेको कारोबार प्रणालीबाट कारोबार हुने विधि र आफैले कारोबार गर्ने सम्बन्धमा दोस्रो पक्ष सँग आवश्यक ज्ञान रहेको मानी यो सम्फौता (उप्रान्त सम्फौता भनिने छ) सम्पन्न भएको छ ।

## यस सम्फौताका पक्षहरु निम्नलिखित शर्तहरु पालना गर्न मञ्जुर छन् :

१. प्रचलित धितोपत्र ऐन, नियम, विनियम, कार्यविधि तथा नेपाल राष्ट्र बैंक, बिमा समिति, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेन्ज लिमिटेड, सिडिएस एन्ड क्लियरिङ लिमिटेड लगायतका नियमक निकायले समय समयमा जारी गरेका निर्देशिका, परिपत्र रनिर्देशन समेतलाई यसै सम्फौतामा उल्लेख भए सरहमानी सम्फौताका पक्षहरुले सोको पालना गर्न मञ्जुर गर्दछन् ।

२. दोस्रो पक्षले यस सम्फौता गर्दाको वखतवा यस भन्दा अघि प्रथमपक्षलाई दिएको सूचना, दोस्रो पक्षको ग्राहक परिचय विवरण (केवाइसी)मा भरेको विवरणमा कुनै फेरवदल भए, फेरबदल भएको ७ कार्य दिनभित्र प्रथम पक्षलाई जानकारी दिई आफ्नो पहिचान तथा खाताका विवरणहरु अद्यावधिक गराउन मञ्जुर गर्दछ ।

३. दोस्रो पक्ष धितोपत्रको कारोबार गर्न कानून बमोजिम अयोग्य ठहरिने कुनै अवस्था उत्पन्न भई कारवाहीमा परेमा, आर्थिक रुपमा टाट पल्टिएमा, विघटनमा गएमा, दामासाहीमा परेमा वा कर्जा सूचना केन्द्रको कालोसूचीमा परेमा वा अन्य कुनै कारणले कानूनत आर्थिक कारोवार गर्न असमर्थ भएमा प्रथम पक्षलाई तुरुन्त जानकारी दिन मञ्जुर गर्दछ ।

४. दोस्रो पक्षले यस सम्फौतामा उल्लेख गरेको वा ग्राहक परिचय विवरण (केवाइसी) मा उल्लेख भएको इमेल ठेगाना वा मोबाइल नम्बरमा दोस्रो पक्षले प्रयोग गर्ने युजरनेम तथा पासवर्ड प्रथम पक्षले उपलब्ध गराउने छ । प्रथमपक्षले उपलब्ध गराएको वा सो पश्चात दोस्रो पक्षले परिर्वतन गरेको युजरनेम वा पासवर्डको गोपनियता कायम गर्ने र आफ्नो नियन्त्रणमा राख्ने दायित्व दोस्रो पक्षको हुनेछ ।

५. दोश्रो पक्षले बिक्री कारोवार गर्दा मौज्दातमा धितोपत्र रहेको वा रहने कुनै एक हीतग्राही खाता प्रथम पक्षलाई उपलब्ध गराउने छ । उक्त खाता अन्य धितोपत्र कारोवार सदस्यलाई दिने छैन । यदी एउटै खाता अन्य धितोपत्र कारोवार सदस्यलाई दिइहुने जोखिको जिम्मेवारी दोश्रो पक्षले लिने छ ।

६. दोस्रो पक्षलाई दिइएको युजरनेमबाट भए गरेको सम्पूर्ण कारोबारहरुको दायित्व बहन गर्ने तथा सो समयमा राफसाफ गर्ने जिम्मेवारी दोस्रो पक्षको हुनेछ ।

७. दोस्रो पक्षलाई प्रदान गरीएको युजरनेमको प्रयोग गरी सिर्जना हुने दायित्व तथा सम्फौतारत पक्ष र नेप्से समेतको सम्पत्तिमा कुनै हानी नोक्सानी भएमा सो प्रति दोस्रो पक्ष जिम्मेवार हुनेछ ।

८. दोस्रो पक्षले आफ्नो युजरनेम प्रयोग गरी वा प्रथम पक्षलाई आदेश दिई बिक्री भएका धितोपत्रहरुको निर्देशनपूर्जी जारी गर्नुपर्ने दायित्व दोस्रो पक्षको हुनेछ । यसरी बिक्री भएको धितोपत्रको हस्तान्तरण दोस्रो पक्षले टि+१ को १२ बजे भित्र प्रथम पक्षको राफसाफ खातामा जम्मा गर्न नसकी उक्त कारोवारको राफसाफ हुन नसकेमा सो बाट सिर्जित सम्पूर्ण दायित्व दोस्रो पक्षले वहन गर्नुपर्नेछ ।

९. दोस्रो पक्षले धितोपत्र बिक्री गरिसकेपछि सो धितोपत्रको आधार मूल्य प्रथमपक्षलाई राफसाफ समयको १(एक) दिन पूर्व नै उपलब्ध गराउनु पर्नेछ । आधार मूल्य समयमा उपलब्ध नगराएमा, फर्जी वा गलत आधार मूल्यका कारण उत्पन्न हुने कानूनी तथा आर्थिक दायित्च वा हानी नोक्सानी दोस्रो पक्षले व्यहोर्नु पर्नेछ ।

१०. दोस्रो पक्षले बिकि गरेको धितोपत्रको कारोबारमा लाग्ने कर, शुल्क, दस्तुर तथा अन्य प्रणालीगत शुल्कहरु तथा प्रथमपक्षले धितोपत्र खरीद बिक्री सम्वन्धमा थप सुविधा प्रदान गरेमा लाग्ने थप स्वीकृत दस्तुर कट्टा गरी बाँकी रकममात्र प्रथमपक्षले दोस्रो पक्षलाई भुक्तानी गर्नेछ ।

११. दोस्रो पक्षले खरीद आदेश प्रणालीमा प्रविष्ट गर्दा प्रथम पक्षले तोकेको कारोबार लिमिटको सीमाभित्र रही गर्नु पर्नेछ । दोस्रो पक्षले प्रथम पक्षलाई अग्रिम रुपमा बुफाएको रकमको ४ (चार) गुणा सम्म कारोबार लिमिट प्राप्त गर्न सक्नेछ । उक्त कारोबार सीमा दोस्रो पक्षले बुफाएको रकमको चार गुणा भन्दा बढी हुने छैन ।

११.१ दोस्रो पक्षले प्रथमपक्षलाई अग्रीम रुपमा बुफाएको रकम दोस्रो पक्षले खरिद गर्ने धितोपत्रबाट सृजना हुने कुल दायित्व रकममा समायोजन हुनेछ ।

११.२ दोस्रो पक्षले धितोपत्र खरिद गरे वापत सृजना हुने कुल दायित्व रकममा प्रथम पक्षलाई अग्रीम रुपमा बुफाएको रकम तथा दोस्रो पक्षले धितोपत्र विक्रि गरि प्रथम पक्षसंग भुक्तानी लिन बाँकी भए सो समेत समायोजन गरि बाँकी रहेको दायित्व रकम कारोबारको राफसाफ हुनु भन्दा पहिले प्रथम पक्षलाई दोस्रो पक्षले भुक्तानी गर्नुपर्नेछ ।

११.३ दोस्रो पक्षले प्रथम पक्षलाई तिर्नुपर्ने रकम कारोबार राफसाफ हुनुपूर्व भुक्तानी गर्न नसकेमा दोस्रो पक्षको नाममा खरिद भएको धितोपत्र प्रथम पक्षले बिक्रि गर्न सक्नेछ । तर दोस्रो पक्षले प्रथम पक्षसंग रकम तिर्ने समय माग गरेमा प्रथम पक्षले आफ्नो अनुकुलता हेरि दोस्रो पक्षले खरिद गरेको धितोपत्रको रकम भुक्तानी गर्न निश्चित समय दिन सक्नेछ ।

११.४ सर्त नं. ११.३ बमोजिम दोस्रो पक्षको कारोवार राफसाफ गर्न उपयोग भएको प्रथम पक्षको रकममा दोस्रो पक्षलाई दिएको थप निश्चित समयवधी सम्ममा दोस्रो पक्षले तिर्नुपर्ने बाँकी रकम प्रथम पक्षलाई उपलब्ध नगराए सम्मको वा दोस्रो पक्षको धितोपत्र विक्रि गरी प्रथम पक्षलाई रकम प्राप्त नभएसम्मको समयावधीमा प्रथम पक्षले ब्यहोर्नु परेको बास्तविक लागत थप गरि हुन आउने दायित्व दोस्रो पक्षले प्रथम पक्षलाई भुक्तानी गर्नु पर्नेछ वा दोस्रो पक्षलाई प्रथम पक्षले दिनुपर्ने हिसावमा कट्टा गर्न सक्नेछ ।

११.५ दोस्रो पक्षले प्रथम पक्षलाई बुफाएको अग्रिम रकममा दोस्रोपक्षले खरिद गर्ने धितोपत्रको राफसाफ नभएसम्मको अवधीसम्म प्रथम पक्षको राफसाफ खातामा रहदा प्रथम पक्षले बैंकबाट प्राप्त गर्ने प्रतिफल (खुद ब्याज) दोस्रो पक्षलाई फिर्ता दिन मञ्जुर गर्दछ ।

११.६ प्रथम पक्षले दोस्रो पक्षसँग लिनु पर्ने दायित्व रकमको लागत गणना तथा निर्धारण गर्दा प्रथम पक्षले बाणिज्य बैंकवाट ऋण लिदा आफुले तिर्नु पर्ने ब्याजदरमा सेवा शुल्क वापत....प्रतिशत बिन्दुले लागत थप गरि दायित्व निर्धारण गरिनेछ ।

११.७ प्रथम पक्षले दोस्रो पक्षलाई धितोपत्र बिक्रि वापतको भुक्तानी दिनुपर्ने अवस्थामा काबु वाहिरको परिस्थिति सृजना भै भुक्तानी रोकिन गएमा तत्कालीन समयमा वाणिज्य बैकहरुले आफ्ना ग्राहकलाई बचत खातामा दिने ब्याज रकम थप गरि भुक्तानी रकम उपलब्ध गराउने छ ।

१२. दोस्रो पक्षले कारोबार सीमाका लागि प्रथम पक्षलाई बुफाउने सबै किसिमका भुक्तानी चेक वा अन्य बिद्युतीय माध्यमबाट गर्नुपर्नेछ ।

१३. दोस्रो पक्षले कारोबार प्रयोजनका लागि प्रथम पक्षलाई उपलब्ध गराएको रकम तथा धितोपत्र कारोवार राफसाफ प्रयोजनमा मात्र प्रयोग गर्नुपर्नेछ ।

१४. दुवै पक्षको आपसी सहमतिमा दोस्रो पक्षले प्रथम पक्षलाई यस्तो कारोवार सीमाको लागि आवश्यक अग्रिम भुक्तानी बैंक ग्यारेन्टी तथा कारोवार योग्य धितोपत्रहरुको माध्यमबाट पनि गर्न सक्ने छ । यस्तो धरौटी दोश्रो पक्षले आफनो दायीत्व समयमा भुक्तानी नगरेमा प्रथम पक्षले दोस्रो पक्षलाई जानकारी दिई नगदमा परिणत गर्न सक्ने छ।

१५. कारोबार सीमा गणना प्रयोजनको लागि कारोबार योग्य धितोपत्रको मूल्यांकन बजार मूल्यको बढीमा ७० प्रतिशत सम्म गर्न सकिने छ । धितोपत्र तथा धितोपत्र बजारमा हुने सम्भावित जोखिमलाई मध्यनजर गरी प्रथमपक्षले दोस्रो पक्षलाई उपलब्ध गराएको कारोबार सीमा दोस्रो पक्षलाई जानकारी गराई फेरबदल गर्न सक्नेछ ।

१६. खरीद कारोबारपछि बाँकी रहेको रकम खरिद बिल बमोजिम दोस्रो पक्षले टि+२ भित्रमा प्रथम पक्षको खातामा जम्मा हुने गरी प्रथम पक्षलाई उपलब्ध गराउनु पर्नेछ । यसरी रकम उपलब्ध गराउदा अग्रिम भुक्तानी रकममा उपलब्ध गराएको भए सो रकम समायोजन गर्ने सुविधा दोस्रो पक्षलाई हुनेछ ।

१७. खरिद कारोबार पश्चातदोस्रो पक्षले राफसाफ समय भित्रमा आफ्नो दायित्व पुरा नगरेमा टि+४ मा प्रथम पक्षले दोस्रो पक्षलाई जानकारी गराई दोस्रो पक्षकै नाममा खरिद गरिएको तथा जमानतमा लिइएको धितोपत्र बिक्री, बैंक जमानतबाट रकम र सो को लागत बापतको सोधभर्ना र नपुग रकम कानून बमोजिम असुल उपर गरि लिन सक्नेछ ।

१८. दोस्रो पक्षको धितोपत्र बिक्री गरि प्रथम पक्षको लेना रकम असुलउपर गरी रकम बाँकी रहेमा दोस्रो पक्षको अग्रिम भुक्तानी सम्मको रकम दोस्रो पक्षलाई फिर्ता गरी थप रकम बाँकी रहनगए धितोपत्र कारोबार सञ्चालन विनियमावली, २०७५ मा तोकिए बमोजिम हुनेछ ।

१९. दोस्रो पक्षले खरीद गरेको धितोपत्र खरिदबाट सिर्जित दायित्वहरु पुरा गरेपछि वा कारोवारको राफसाफको दिन मध्ये जुन पछी हुन्छ सो को भोलिपल्ट ग्राहकको निक्षेप खातामा प्रथम पक्षले धितोपत्र हस्तान्तरण गर्नु पर्नेछ ।

२०. दोस्रो पक्षको नामवाट कारोवार भएपश्चात दोस्रो पक्षको मृत्यु भएमा, दामासाहीमा परेमा, मगज बिग्रिएमा वा अन्य कुनै कारणवाट दोस्रो पक्षको नामवाट भएका कारोवारको राफसाफ हुन नसक्ने स्थिति सिर्जना भएमा उक्त कारोबारको राफसाफको जिम्मेवारी निज वा निजको कानूनी उत्तराधिकारीको हुनेछ । कानुनी उत्तराधिकारीवाट पनि राफसाफ हुन नसकेमा प्रचलित कानून बमोजिम हुनेछ ।

२१. नियमक निकायहरुबाट कारोबारहरु रद्द भएमा वा रद्द गर्ने आदेश प्राप्त भएमा सो कारोवारहरु स्वतः रद्द हुनेछन । सोको दायित्व प्रथमपक्षले बहन गर्ने छैन ।

२२. दोस्रो पक्ष नावालक वा कानूनतः पक्षको रुपमा करार गर्न अयोग्य देखिएमा निजको संरक्षक वा प्रतिनिधिले यो सम्झौता गर्न सक्नेछ ।

२३. प्रथम पक्षको काबु बाहिरको परिस्थितिको कारणबाट उत्पन्न हुने कुनै पनि दायित्वमा प्रथम पक्ष जिम्मेवार हुने छैन ।

२४. दोस्रो पक्षले आफ्नो कारोवारको निम्ति आदेश दिन लिखित मञ्जुरी दिई प्रतिनिधिनि युक्ति गर्न सक्ने छ सो प्रतिनिधिवाट भएका सम्पूर्ण कारोबारहरु निजदोस्रो पक्षले नै गरेसरह मान्य हुनेछ ।

२५. धितोपत्रमा गरीने लगानीमा जोखिम हुन्छ भन्ने कुरामा दोस्रो पक्ष जानकार रहेको मानिनेछ र सो जोखिमबाट सिर्जित हुने हानी नोक्सानी प्रति दोस्रो पक्ष नै जिम्मेवार रहनेछ ।

२६. दोस्रो पक्षले निम्नलिखित माध्यमवाट कारोबार आदेश दिन सक्ने छ :

क. स्वयं उपस्थित भई लिखित आदेश
ख. टेलिफोन ..................................................
ग. मोबाइल फोन ..................................................
घ. ई-मेल ..................................................
ङ. दोस्रो पक्षको युजरनेम..........................................
च. प्रथम पक्षको वेबसाइट : sharebroker34.com
छ. अन्य विद्युतीय माध्यम .......................................

प्रथम पक्षले उल्लिखित माध्यमबाट आएका आदेशहरुलाई मात्र वैधानिक मान्यता दिई प्राथमिकताका आधारमा कारोबार प्रणालीमा आदेश प्रविष्टी गर्नेछ । नियमअनुसार उक्त आदेशहरुको सुरक्षित रेकर्डिङ्ग तथा भण्डारण प्रथमपक्षले गर्न सक्नेछ ।

२७. दोस्रो पक्षको मार्जिन कारोवार सुविधा उपयोग गर्ने भएमा सो सम्बन्धी सर्त तथा सुविधाहरु सम्बन्धित नियममा तोकिए बमोजिम हुनेछ ।

२८. दोस्रो पक्षले धितोपत्र कारोवार गर्दा उक्त धितोपत्र कारोवार गर्न प्रचलित कानुन वमोजिम आफु योग्य रहेको र सो धितोपत्रमा आफुले कानून बमोजिम धारण गर्न सक्ने सीमाभित्र रहि खरीद आदेश प्रविष्ट गर्नु पर्ने छ । सो नगरेबाट सिर्जित परिणाम तथा दायित्व दोस्रो पक्षको हुनेछ ।

२९. प्रचलित नीतिनियममा उल्लेख भएअनुसार वा सम्बन्धित निकायहरुबाट धितोपत्रको कारोबारको श्रोतको जानकारी गराउन आवश्यक रहेमा उक्त जानकारी कारोबार राफसाफ समयाबधीभित्र प्रथम पक्षलाई बुझाउन दोस्रो पक्ष मञ्जुर गर्दछ । दोस्रो पक्षले प्रचलित कानुन बमोजिम अवैधानिक नठहरीने रकमहरु मात्र धितोपत्रमा लगानी गर्नुपर्ने छ ।

३०. पक्षहरुबिच आपसि सहमतीमा एक महिनाको अग्रिम सूचनादिई यो सम्झौता रद्द गर्न सकिनेछ । सम्झौता रद्द गर्नु पूर्व पक्षहरुले आ-आफ्नो दायित्व पुरा गरेको हुनु पर्नेछ ।

३१. प्रचलित कानून बमोजिम प्रथम पक्षले व्यवसाय सञ्चालनका लागि प्राप्त गरेको इजाजत, अनुमतिपत्र, सदस्यता खारेज भइ कारोबार गर्न अयोग्य भएमा यो सम्झौता स्वतःखारेज हुनेछ । यसरी सम्झौता खारेज भएपनि बाँकी बक्यौता फछ्र्यौट गर्नुपर्ने दायित्व दुवै पक्षको हुनेछ ।

३२. यस सम्झौता अनुसार प्रथम पक्षले दिने अथवा आवश्यक हुने कुनै पनि जनाउ वा सञ्चार तोकिएको माध्यमबाट दोस्रो पक्षको अद्यावधिक ठेगानामा पठाए पश्चात दोस्रो पक्षले जानकारी पाए सरह हुनेछ ।

३३. सम्झौताका दुवै पक्षहरुले नेप्से अनलाइन कारोबार प्रणालीमा क्षति पुऱ्याउने कुनै पनिकार्य गर्ने छैनन् ।

३४. प्रथम पक्षले प्रचलित कानूनमा उल्लेख भएको अवस्थामा बाहेक दोस्रो पक्षको गोपनीयता कायम गर्नेछ ।

३५. पक्षहरुका बीचमा उत्पन्न हुन सक्ने विवाद तथा मतभिन्नताहरुको समाधान सकेसम्म आपसी सहमतिमा निराकरण गरिनेछ । आपसी सहमतीबाट समाधान गर्न नसकेमा धितोपत्र कारोबार सञ्चालन विनियमावली, २०७५ मा तोकिए बमोजिम हुनेछ ।

३६. दोस्रो पक्षले प्रथमपक्ष संग अनलाईन कारोबार सुविधा, एसएमएस लगाएतका अन्य सुबिधाहरु उपयोग गरे बापत तोकिएको शुल्क तिर्न मञ्जुर गर्दछ । दोस्रो पक्षले उल्लिखित सुबिधाहरु प्राप्त गर्न हरेक आर्थिक बर्षमा नविकरण शुल्क तिर्नु पर्नेछ ।

३७. यो सम्झौतामा उल्लेख तथा व्याख्या नभएका विषय प्रचलित नेपाल कानून, नियम, विनियम, निर्देशन तथा व्याख्या अनुसार हुनेछ ।

३८. यो सम्झौता दुवै पक्षले हस्ताक्षर गरेको मितिबाट लागु भई दुवै पक्षले एक अर्को प्रतिको आफ्नो दायीत्व फरफारक गरि रद्द नगरुनजेल सम्म कायम रहने छ ।

३९. यो सम्झौता राम्ररी पढी, बुझीदुवै पक्ष हस्ताक्षर गर्न मञ्जुर गर्दछौं । हामि दुबै पक्षले यो सम्झौताको एक/एकप्रति लियौं दियौं ।

प्रथम पक्षको तर्फबाट अधिकार प्राप्त

व्यक्तीको नाम :

दस्तखत :

कम्पनीको छाप :

दोस्रो पक्षको तर्फबाट अधिकार प्राप्त

व्यक्तीको नाम :

बैंकको नाम :

शाखा :

खाता नं. :

**PAN No.:**

दस्तखत :

औंठा छाप :

कम्पनीको छाप :

| दायाँ | बायाँ |
| --- | --- |
| | |

**साक्षी**

१. ............................................

**साक्षी**

१. ............................................

ईति सम्वत ............. साल ......................... महिना ....................... गते रोज शुभम् ।

## सदस्य दलाल व्यवसायी र ग्राहकका विच दोश्रो बजारमा शेयर कारोबार तथा राफसाफका लागि गरिएको पुरक सम्झौता

यो सम्झौता आज ..................बार मिति ...........................का दिन, कम्पनी रजिष्ट्रार कार्यालयमा दर्ता भई नेपाल धितोपत्र बोर्ड बाट सदस्य दलाल व्यवसायीको इजाजत प्राप्त गरी नेपाल स्टक एक्चेन्ज लि.को सदस्य रहि शेयर कारोबार सुविधा प्रदान गर्न योग्य रहेको अनामनगर-२९ काठमाडौं ठेगानामा रजिष्ट्रारर्ड कार्यालय रहेको **भिजन सेक्यूरिटिज् प्रा. लि.** (यहा उपरान्त प्रथम पक्ष भनिने)

र

दोश्रो वजारमा शेयर कारोबार गर्नको लागि अनलाइन सुबिधाको लिनु भएका ग्राहक संकेत नं/युनिक कोड .... .....................रहेको/रहेकी ...... ............ .......... ...... स्थायी ठेगना भई हाल ................ ........ ......... स्थानमा बसोबास गर्ने श्री/श्रीमती .....................................को. नाती/नातीनी/बुहारी, श्री/श्रीमती .......................... ................ को छोरा/छोरी बर्ष ....... को श्री/सुश्री/श्रीमती ...... ........ .................. ...........
ले (यहा उपरान्त दोस्रो पक्ष भनिने) बीच तपसिल बमोजिमका शर्त वन्देजहरु पालना गर्ने गराउने गरि प्रचलित ऐन, नियम कानुन तथा धितोपत्र कारोबार सञ्चालन विनियमावली २०७५ को विनियम १० सँग सम्बन्धित सम्झौता तथा यो पुरक सम्झौताको अधिनमा रहि दोश्रो वजारमा शेयर कारोवार गर्न यो सम्झौता गरिएको छ ।

**तपशिल**

१) दोश्रो पक्षले प्रथम पक्ष समक्ष आवश्यक कागजातहरु पेश गरि डिम्याट खाता तथा शेयर कारोवार खाता खोल्नेछन् ।

२) प्रथम पक्षले आवश्यक कागजातहरु प्रमाणित गरि डिम्याट खाता तथा दोश्रो वजारमा शेयर खरिद विक्री गर्नको लागि कारोवार खाता खोली अनलाईन कारोबार सुविधा सहीतको लिङ्क दोश्रो पक्षलाई उपलव्ध गराउने छ ।

३) दोश्रो पक्षले शेयर खरिद गर्दा कारोवार सिमाको लागि मौजुदा नियमानुसार न्यूनतम् २५ प्रतिशतले हुन आउने रकम अग्रिम रुपमा प्रथम पक्षलाई उपलव्ध गराउनु पर्नेछ । दोश्रो पक्षको डिम्याट खाता प्रथम पक्षको मा नै भएको अवस्थामा दोश्रो पक्षको डिम्याट खातामा रहेको विक्रि योग्य शेयरहरुको वढिमा ७० प्रतिशत मुल्यांकन कायम हुने गरि सो को आधारमा प्रथम पक्षले कारोवार सिमा थप गर्न सक्नेछ ।

४) खरिद गरेको शेयरको भुक्तानी र विक्रि गरिएको शेयरको EDIS राफसाफको अघिल्लो दिन (T+1) भित्र दोस्रो पक्षले अनिवार्य रुपमा गरि सक्नु पर्नेछ । कथंकदाचित निर्धारित समय भित्र भुक्तानी नदिएमा वा EDIS नगरेमा सो वाट सृजना हुने थप दायित्व/हानि नोक्सानी दोश्रो पक्षले व्यहोर्नु पर्नेछ ।

५) दोश्रो पक्षले विक्रि गरेको शेयर राफसाफ भई आए पश्चातको अर्को दिन (T+3) मा सो को रकम प्रथम पक्षले दोश्रो पक्षको वैंक खातामा विद्युतिय माध्यमबाट वा एकाउण्ट पेयी चेक मार्फत भुक्तानी दिनेछ वा दोश्रो पक्षको मौखिक/लिखित अनुरोधमा विक्रि बापतको रकम खरिद गरिएको शेयरमा मिलान गर्न वा कारोवार सिमा थप गर्नको लागि प्रयोग गर्न सक्नेछ ।

६) दोश्रो पक्षले खरिद गरेको शेयरको रकम (T+2) अगावै प्रथम पक्षलाई उपलव्ध गराउनेछ वा शेयर विक्रि भई आएको रकमवाट नेटिङ्ग गरि हिसाव मिलन गरिनेछ ।

७) रकम भुक्तान गरि वा शेयर विक्रि गरि कारोबार नेटिङ्ग भई राफसाफ हुने गरि भएको कारोबारको हकमा खरिद गरेको शेयर राफसाफ भए पश्चात दोश्रो पक्षको अनुरोधमा आंशिक रुपमा हिसाव मिलान हुन वांकी रहेता पनि आफ्ना ग्राहकलाई सहजीकरण गर्न निजले गरेको कारोवार, निजको नाममा भएको अन्य कम्पनीका शेयर मौज्दात आदीलाई मध्येनजर गरि प्रथम पक्षले दोश्रो पक्षको डिम्याट खातामा आंशिक वा पुरै शेयर ट्रान्सफर गरि दिन पनि सक्नेछ ।

८) बुँदा नं. ७ अनुसार शेयर खरिद गरेको रकम शेयर खरिद भएको मितिले वढिमा ३ कार्य दिन भित्र दोश्रो पक्षले हिसाव मिलान गर्नेछ । सो नभई ३ दिन भित्र हिसाव मिलन नगरेमा प्रथम पक्षले उक्त खरिद गरिएको शेयर राफसाफ गर्न प्रयोग गरेको फण्डको लागतमा कारोबर राफसाफको मितिदेखि लागु हुने गरि बढीमा ५ प्रतिशत सम्म थप गरि दोस्रो पक्ष सँग असुल उपर गर्न सक्नेछ ।

९) बुँदा नं. ६ र ८ अनुसारको कारोबारको निश्चित समय भित्र समेत खरिद गरेको शेयरको हिसाव मिलान नभएमा प्रथम पक्षले दोश्रो पक्षको शेयर विक्रि गरि हिसाव मिलान गर्न सक्नेछ । सो को लागि दोश्रो पक्षले निसर्त रुपमा EDIS गरि दिनु पर्ने वा  निर्देशन पुर्जी (DIS) मा हस्ताक्षर गरि सम्झौता गर्दा कै वखत प्रथम पक्षलाई बुझाउनु पर्नेछ ।

१०) वुदाँ नं. ९ अनुसार शेयर विक्रि गर्दा प्रथम पक्षले आफ्नो लेना रकम तथा शुल्क समेत असुल उपर हुने गरि मात्र दोश्रो पक्षलाई जानकारी गराई वा नगराई शेयर विक्रि गर्न प्रथम पक्ष स्वतन्त्र हुनेछ ।

उपरोक्त सम्झौता अनुसार दोश्रो पक्षले नियमानुसार तिर्नु बुझाउनु पर्ने रकम प्रथम पक्षलाई तोकिएको समय भित्र नवुझाएमा प्रथम पक्षले  शेयर कारोवारको हिसाव मिलान प्रयोजनको लागि दोश्रो पक्षको शेयर विक्रि गरि हिसाव मिलान गर्नको लागि दोस्रो पक्ष मञ्जुर गर्दछ । र  दोश्रो पक्षले कहि कतै उजुर/बाजुर गर्ने छैन । यदि गरेमा यसै सम्झौताले बदर हुने व्यहोरामा सहमत भई दुवै पक्षले पढी बाँची यो सम्झैतामा स्वतन्त्रपुर्वक हस्ताक्षर गरेको व्यहोरा ठिक साँचो हो ।

(प्रथम पक्षका लागि वा निजको तर्फबाट)

हस्ताक्षरः: ....................

नाम ....................................

पद ....................................

भिजन सेक्यूरिटिज् प्रा.लि.

कम्पनीको छाप

(दोस्रो पक्षका लागि वा निजको तर्फबाट)

हस्ताक्षरः:....................

नाम ......................................

दा                    बा.

ईति सम्वत ............. साल ............महिना..........गते रोज ............ मा शुभम्